# नलगाड नगरपालिका

# डढेलो तथा आगलागी नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य योजना
# २०८१

नलगाड नगरपालिका

स्थानीय विपद व्यवस्थापन समिति

दल्ली, जाजरकोट


# १. पृष्ठभूमि :

स्वच्छ वातावरण र प्राकृतिक सौन्दर्य कायम राख्नको लागि वन क्षेत्र आवश्यक छ। देशको कुल भूभागको ४४% भन्दा बढी क्षेत्रफल ओगटेको वनक्षेत्र वन्यजन्तु, कृषि, पर्यटन, उद्योग, जलस्रोत र भौतिक पूर्वाधारको मेरुदण्डको रुपमा रहेको छ। वनको संरक्षण र व्यवस्थापनमा पछिल्लो समयमा वन डढेलो, अतिचरण, अतिक्रमण जस्ता विभिन्न मानव सिर्जित क्रियाकलापहरु ठूलो चुनौतीका रुपमा देखापर्दै गएको छ। विगत केही वर्षदेखि वन डढेलो एक प्रकोपको रूपमा बढ्नाले जैविक विविधताको महत्त्वपूर्ण स्रोतको रुपमा रहेको वन क्षेत्रलाई नोक्सानी पुग्दै गएको छ। नवीकरणीय ऊर्जाको स्रोतको रुपमा रहेको वनको विनाश र क्षयीकरण हुनुमा वन डढेलो आगलागी एक प्रमुख कारक तत्वको रुपमा रहेको पाइन्छ हरेक वर्ष सुख्खायामको सुरुवातसँगै बढ्ने डढेलोको प्रकोपबाट ठूलो मात्रामा प्राकृतिक तथा मानवीय क्षति भइरहेको छ। वन डढेलोका कारण बढ्दै गएको सामाजिक आर्थिक तथा वातावरणीय क्षतिलाई न्यूनीकरण गर्दै जैविक विविधता तथा नवीकरणीय ऊर्जाको स्रोतको संरक्षण गरि जलवायु परिवर्तनमा पर्न सक्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न राष्ट्रिय स्तरबाटै वन डढेलो नियन्त्रणका लागि सबै सरकारवालाको प्रतिबद्धता सहित समस्या समाधानको लागि कार्यमूलक एवं नतिजामूलक प्रयासका साथै समन्वयात्मक साझा र दीर्घकालीन अवधारणा अवलम्बन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै नेपाल सरकारले व्यवस्थापन सहकार्यको माध्यमद्वारा कार्यक्रम कार्यान्वयन गरी डढेलोबाट हुने जोखिम न्यूनीकरण गर्दै नियन्त्रित आगोको प्रयोगबाट हुने लाभको विस्तार गर्न राष्ट्रिय रूपमा वन तथा जैविक विविधताको दिगो व्यवस्थापनमा टेवा पुग्ने गरी विभिन्न **तहका सरोकारवालाहरूको सहभागितामा वन डढेलो व्यवस्थापन रणनीति २०६७ तयार गरी लागू गरेको छ।**

नलगाड नगपालिकाको भूगोलको करिब ३७.३३८ प्रतिशत बन क्षेत्र रहेको छ। सुक्ख, खर भिर भएकोले गर्मि मौसमको सुरुवात संगसंगै नगरपालिकाका विभिन्न वडामा बर्षेनी आगलागीका घटनाहरू भएका छन्, जसले वन, जलस्रोत तथा स्थानीय वस्तीहरूमा ठूलो क्षति व्यहोरी रहेको छ। गोठालाहरू, खेती गर्ने स्थान र वन क्षेत्रमा आगो लगाउँदा नयाँ पालुवा पलाउने र खेतबारीमा कोइला खरानी बगेर मलको रूपमा आउँछ भन्ने अन्धविश्वासका कारण वन क्षेत्रमा डढेलोको समस्या दिन प्रतिदिन बढ्दै गएको छ। डढेलोका कारण जैविक विविधता र वातावरणमा नकारात्मक असर पर्नुको साथै भौतिक सम्पतीमा क्षति भइरहेको छ।

वन डढेलोको कारण वार्षिक रुपमा उल्लेख्य मात्रामा जैविक बिबिधता र वातावरणमा नकारात्मक असर पर्नुको साथै धनको भने उल्लेख्य क्षति भैरहेको देखिन्छ। आगलागीको प्रकारहरू फरक फरक छन्। तर यहाँ हामी डढेलो र यसको न्यूनीकरणका लागि गर्नुपर्ने व्यवस्थाका विषय प्रस्तुत गरिएको छ। डढेलो तथा आगलागी न्यूनीकरणका लागि सुक्खा मौसम सुरु हुनु पूर्वनै स्थानीय सरकारले डिभिजन वन कार्यालय, जिल्ला प्रशासन कार्यालय र जिल्ला स्थित सरोकारवाला निकायहरू बीच समन्वय गरि काम गर्नु पर्ने व्यवस्था छ। सोही अनुसार डढेलो तथा आगलागी नियन्त्रण पूर्व तयारी योजना तयार गरि विभिन्न पूर्व तयारी स्वरूप प्रचार प्रसार, जन चेतना वृद्धि, ज्वलनशील पदार्थको व्यवस्थापन अग्नि नियन्त्रणका लागि सामग्री खरिद तथा वितरण, अग्निरेखा निर्माण लगायतका कार्यहरू सञ्चालन हुन अत्यावश्यक रहेको छ। यस प्रकारको पूर्व तयारीका बाबजुद डढेलो लागेमा सम्पूर्ण सरोकारवाला निकायहरूको सहभागितामा यसलाई नियन्त्रण गर्नुको विकल्प छैन। सर्वप्रथम आम नागरिकमा डढेलो लाग्न नदिने सकारात्मक सोचको विकास गर्न नितान्त आवश्यक छ। डढेलोबाट करोडौं वनजङ्गल हानी नोक्सानी हुने मानवीय क्षति हुने हुँदा समयमै यसलाई न्यूनीकरण गर्ने प्रयास गर्नु नितान्त आवश्यक छ।

## २. पालिकाको परिचय:




कर्णाली प्रदेशको जाजरकोट जिल्लाका ७ वटा स्थानीय तहहरु मध्य नलगाड नगरपालिका जिल्लाको पूर्वी क्षेत्रमा अवस्थित छ। साविकका खगेनकोट, डांडागाउं, भगवती, रग्दा र लहं गाउं विकास समितिहरुलाई मिलाएर वनेको नलगाड नगरपालिका ३८७.४४ वर्ग किलोमीटर भूगोलमा फैलिएको छ। यस । यस नगरपालिका समुन्द्री सतह देखि न्यूनतम् ७६० मिटर देखि ५२१२ मिटर उचाइ सम्मफैलीएको छ। वार्षिक मौसमी तापक्रम अधिकतम २७ डिग्री सेल्सियस देखि न्युनतम ६ डिग्री सेल्सियस सम्म रहेको छ। वार्षिक अधिकतम वर्षा १६५५ मि.मि. तथा वार्षिक न्युनतम वर्षा ८६५ मि.मि साथै सरदर सापेक्षिक आद्रता ९२ प्रतिशत पाइन्छ । नलगाड नगरपालिकाको सीमाना पूर्वमा डोल्पा जिल्लाको मुड्केचूला गाउँपालिका,पश्चिममा भेरी नगरपालिका, उत्तरमा कुशे गाउंपालिका र वारेकोट गाउँपालिका र दक्षिणमा ठूली भेरी नदी र रुकुम जिल्लाको आठवीसकोट नगरपालिका रहेको छ।

नलगाड नगरपालिका बहुप्रकोपको उच्च जोखिममा रहेको छ। त्यसैगरि मुख्य प्रकोप तथा विपद्हरुमा क्रमस भूकम्प, पहिरो, बाढि, कोभिड-१९, सडक दुर्घटना,कुकुरको टोकाई,आगलागि, चटयाङ्ग,वन्यजन्तु आतंक ,मिचाह प्रजाती (मिचाह प्रजाति भनेको जैबिक बिबिधता मा असर गर्ने, खेतीपाती र पशुपालन, पारिस्थितिक सन्तुलन क साथै माटो र उर्बर बिगार्ने कम गर्छ। जस्तै : बनमारा तथा गन्धे जार अत्यन्तै सामान्य मिचाहा प्रजाति हो) यसले जमीनलाई ढाक्छ, जमिनको उर्बरता घटाउँछ, र स्थानीय वनस्पतिहरूलाई बढ्न दिँदैन जस्ता प्रकोपहरु रहेका छन्। यी प्रकोपहरुको कारण सामाजिक, आर्थिक, पर्यावरणीय र विकासका संरचनाहरूमा नकारात्मक असर पुगेको कुरा विभिन्न तथ्याङ्क र प्रमाणहरूले पुष्टि गरेका छन्। यसको असरबाट गरिब, विपन्न, महिला, बालवालिका, वृद्धवृद्धाहरु, साधन स्रोतमा कम पहुँच भएका घरधुरी साथै प्राकृतिक स्रोतमा आश्रित समुदायहरु बढी प्रभावित भएका छन्।

## ३. योजनाको उद्देश्यहरू :

- आम नागरिकलाई आगलागी नियन्त्रण वारे सचेतना अभिबृदी गर्ने,
- डढेलो तथा आगलागी व्यवस्थापन सम्बन्धी स्थानीय तहमा बृहत सामूहिक योजना तयार गरि जोखिम न्यूनीकरणका लागि अपनत्व वृद्धि गर्नु।
- आगलागी तथा डढेलोको जोखिममा रहेका स्थानहरूको पहिचान गरि समाधानका उपायसहित समुदायलाई सु सूचित गर्नु।
- विगतका घटनाहरूको अनुभवको आधारमा पालिका भित्रको अवस्था पहिचान गरि आवश्यक पूर्व तयारीका क्रियाकलापहरूमा लगानी बढाउनु।
- राष्ट्रिय बन , सामुदायिक वन उपभोक्ता समिति र उपभोक्तालाई डढेलो नियन्त्रण कार्यमा क्रियाशिल बनाउने,
- आगलागी नियन्त्रणमा खटिने सरोकारवालाहरुको स्रोत साधन सहित क्षमता अभीबृदी गरि उनीहरुको पूर्ण सहभागितामा डढेलो नियन्त्रण गर्ने

## ४. वन डढेलोको परिचय :

सामान्यतया वनमा लाग्ने विनाशकारी आगो अनियन्त्रित रूपले फैलिदैं गई वनमा रहेका अनगिन्ती प्राकृतिक इन्धनका सामग्री आदिलाई बाल्दै नष्ट गर्दै विशाल रूप लिएर अगाडि बढ्छ त्यसलाई वन डढेलो भनिन्छ । नेपालको हावापानी अनुसार प्रत्येक वर्ष फागुन देखि चैत्रसम्मको अवधिलाई डढेलो संकट अवधिको रूपमा लिइन्छ । यो अवधिलाई मध्यनजर गरि स्थानीय तहमा कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । नेपालको परिवेशमा वन जङ्गल, पाखा, घाँसे मैदान, खरबारीहरुमा विभिन्न बहानामा आगो लगाइने र अधिकांश क्षेत्रहरू बढी सुक्खा भएका कारण आगो अनियन्त्रित भई डढेलो लाग्ने गरेको पाइन्छ ।


वनमा डढेलो लाग्नका लागि ३ वटा कुराहरू महत्वपूर्ण हुन्छन् ।प्रज्वलनशील बस्तु (Inflammable Materials), आगोको स्रोत (Source) र अक्सिजन (Oxygen) जसलाई अग्नि त्रिभुज (Combustion Tringle) भनिन्छ । जब यी तिन चीजहरूको एकसाथ मिलन हुन्छ तव आगो लाग्न सुरु हुन्छ । यि तीन मध्ये एक को अनुपस्थितिमा आगो लाग्दैन । विशेष गरि प्रज्वलनशील बस्तु र आगोको स्रोतलाई उचित व्यवस्थापन गर्न सकेमा वन डढेलोबाट सजिलै बच्न सकिन्छ ।


## ५) वन डढेलोको कारक तत्त्वहरू :

बिशेष गरि वन डढेलोका प्रमुख २ वटा कारक तत्वहरु रहेका छन्:

५ .१  प्राकृतिक जन्य कारण:

मानवीय क्रियाकलाप बाहेक प्राकृतिक कारणबाट वनमा आगो सल्कन गई लाग्ने डढेलोलाई प्राकृतिक वन डढेलो भनिन्छ । यस प्रकारको डढेलो चट्याङ पर्दा, ढुङ्गा पल्टिँदा ठोकिएर हुने घर्षणबाट, रुख बिरुवाहरूको हाँगाबिँगा एक आपसमा जोडले ठोकिँदा हुने घर्षणबाट, ज्वालामुखी वा ठूलो भूकम्प जाँदा निस्कने आगोको ज्वालाबाट र सूर्यको ताप लेन्स जन्य वस्तुमा पर्न गई आगो बल्न जाँदा समेत लाग्ने गरेको पाइएको छ ।




### ५.२ कृतिम कारण:

**क) अन्जान अर्थात भुलचुक**

- मादक पदार्थ सेवन गर्दा,
- बटुवा धारीले खाना पकाउँदा,
- गोल पोल्दा,
- अरिङ्गाल वारुला पोल्दा,
- मह काट्दा रातमा राकु लिएर हिँड्दा,
- चाडवाडमा पटका पड्काउदा,
- बालबच्चाहरु आगोसँग खेल्दा

**ख) नियतवस**

- अतिक्रमण गरी खेती गर्ने,
- शिकार गर्ने,
- जंगली जनावर भगाउने,
- सुकेका दाउरा बटुल्नको लागि
- घरको सुरक्षाको लागि,
- अर्काको रिसिवी गर्ने चलन ,
- खेत वारीमा मल आउछ भन्ने धारणा आदि कारणले नियत वा स्वार्थको कारण आगो लगाउने चलन रहदै आएको छ,

**६. वन डढेलोको असर र परिणाम**

वन डढेलोले सबै जैविक वस्तुहरू (वनस्पति तथा प्राणीहरू) र अजैविक वस्तुहरू (माटो, ढुङ्गा र अन्य वातावरण समेत) लाई थोरै वा धेरै असर पारेकै हुन्छ। डढेलोको असर सकारात्मक भन्दा नकारात्मक बढी हुने हुँदा यसको परिणाम पनि दुःखदायी र पिडा दायी हुन्छ। वनस्पति तथा रुख बिरुवाहरूको कुरा गर्दा यसले तुलनात्मक रूपमा स-साना बिरुवाहरूलाई बढी असर पार्दछ। कहिलेकाहीँ त डढेलोले वनमा गएका मानिस तथा घरपालुवा जनावर मात्र नभई मानव बस्तीमा प्रवेश गरी धन जनको क्षति समेत गराउँछ। वन डढेलोका असर र परिणामको बारेमा बुँदा गत रूपमा तल दिइएको छ।

## ६.१ डढेलोका असर र परिणामहरू

क) वन जङ्गलको विनाश

- बीउहरू डढ्ने, स-साना बिरुवाहरू डढ्ने/मर्ने।
- ठूला रुखहरूका पनि बोक्रा र पात सुक्न सक्ने, काण्डमा घाउ बनेर रोग किराको आक्रमण हुन सक्ने एवं रुखको वृद्धिमा नकारात्मक असर पर्ने।
- काठ दाउरा, घाँस एवं गैर काष्ठ वन पैदावारको नोक्सान।
- वनको पुनरुत्पादन क्षमतामा ह्रास।
- खोटो सङ्कलन गरेका क्षेत्रमा बढी नोक्सान।
- लगातारको डढेलोका महत् पूर्ण सदाबहार प्रजाति विस्थापित भई कमसल खाले पतझर एवं डढेलो प्रतिरोधी प्रजातिको वृद्धि।

ख) वन्यजन्तुलाई हानी

- अण्डा, बच्चा लगायत सबै उमेरका वन्यजन्तुको जल्ने र घाइते भइ क्षति ।
- वन्यजन्तुको वासस्थान विनाश ।

ग) माटोको गुणस्तरमा असर

- माटोको प्राङ्गारिक पदार्थ डढेर सतह नाङ्गो भई हावा, घाम र वर्षाको लागि खुला हुने एवं माटोको पानी सोस्ने क्षमतामा ह्रास हुनाले भू-क्षयमा वृद्धि ।
- प्राङ्गारिक पदार्थ डढ्ने र  सूक्ष्म जीवाणुमा असर परी उर्वरा शक्तिमा ह्रास  आउनुको साथै माटोको संरचना नै बिग्रने ।
- कम्पोस्ट उत्पादनमा कमी ।
- माटोको नाइट्रोजन भण्डारमा ह्रास ।

घ) प्रदूषण

- वायुमण्डलमा धुवाँ र स-साना खरानीका कणहरूले वायु प्रदूषण ।
- ताल/नदी नाला प्रदूषण ।

ङ) जलवायु परिवर्तनका असर

- कार्बन भण्डारको स्रोतको रूपमा रहेका रुख बिरुवाहरू नासिने ।
- रुख बिरुवा डढ्दा कार्बनडाइअक्साईड उत्सर्जन हुने (जुन हरित गृह ग्याँसको प्रमुख स्रोत हो) र जलवायु परिवर्तनमा भूमिका खेल्ने ।

**७) वन डढेलो न्यूनीकरणका उपायहरु:**

वन डढेलो न्यूनीकरणको लागि पुर्बतयारी  र नियन्त्रण गरि २ वटा उपायहरु छ,

**क) पुर्बतयारी :**

- अग्नि नियन्त्रण टोली गठन गर्ने,
- सुख्खा याममा (फागुनदेखि जेष्ठसम्म) वन हेरालुको व्यवस्था मिलाउने,
- वनमा अग्निरेखा निर्माण गर्ने,
- भएका अग्निरेखाहरूलाई सरसफाई गर्ने,
- अग्नि नियन्त्रण सामग्रीको व्यवस्थापन गर्ने,
- सरोकारवालाहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने,
- वन क्षेत्रभित्र रहेका पानीको मुहानहरूको संरक्षण गर्ने,
- ठाउँ ठाउँमा पानी पोखरी निर्माण गर्ने,
- विद्यालय तथा कलेजका पाठ्यक्रमहरुमा वन डढेलो नियन्त्रण सम्बन्धी विषयवस्तु समावेश गर्ने,
- रेडियो, टिभी, पात्रपत्रिका र सामाजिक सञ्जालहरूबाट वन डढेलो नियन्त्रण सम्बन्धी सूचनाहरु प्रचारप्रसार गर्ने,

- जोखिम क्षेत्रहरुमा सचेतनामूलक होर्डीङ्ग बोर्डहरु राख्ने आदि

ख) नियन्त्रका उपयाहरु:

- गठित अग्नि नियन्त्रण टोली  तथा उपलब्ध सामाग्रीहरुको उपयोग गरि तुरुन्त आगो निभाउने,
- डढेलो प्रभावित क्षेत्रमा अनुगमन गरि ननिभेको आगो निभाउने,
- उपलब्ध सामग्री जस्तै बालुवा, माटो, हरियो हाँगा, आगो निभाउने उपकरणको प्रयोग गर्ने।
- जल स्रोत (नदी, ताल, पोखरी) बाट पानी उपयोग गर्ने,
- आगो लाग्ने बित्तिकै नियन्त्रणका लागि समुदायलाई सूचित गर्ने र परिचालन गर्ने,
- आगो फैलिन सक्ने सामग्री (सुक्खा पात, झार) हटाउने,
- प्रतिरोधात्मक आगो (Backfire) लगाउने,
- निर्माण गरिएको अग्नि रेखाहरुलाई प्रभावकारी रूपमा प्रयोग गर्ने
- सम्बन्धित निकायहरूसँग सूचनाको आदानप्रदान गर्ने।

ग )आगलागी पश्चात गरिने कार्यहरु :

- डढेलोबाट भएको क्षतिको पहिचान,मूल्यांकन गरि क्षतिको अभिलेख राख्ने,
- सूचनाको आदान प्रदान गर्ने,
- प्रभावित व्यक्तिहरूलाई क्षतिपूर्ति तथा राहत उपलब्ध गराउने।
- प्रभावित क्षेत्रको यथाशीघ्र पुनर्स्थापना गर्ने,
- प्रभावित क्षेत्रमा अनुगमन गरी पुनः आगलागी हुन नदिन कदम चाल्ने,
- उपयुक्त कानूनी व्यवस्था तथा कार्यान्वयन (डढेलो नियन्त्रणसम्बन्धी ऐन/नियमको प्रभावकारी कार्यान्वयन),
- पुनर्स्थापना कार्य (रूख रोपण, जमिन सुधार) गर्ने,

८) वन डढेलोबाट प्रभावित हुन सक्ने नाल्गाड नगरपालिकाको सम्बेदनशील क्षेत्रहरु स्थानहरु:

क) मानव बस्तिहरु:

| क्र.स. | वडा | टोल/स्थानहरु | कूल घरधुरी संख्या | लोकेसन (अक्षांश र देशान्तर ) |
|---|---|---|---|---|
| १ | १ | कल्पत,पालि , जुरेली, | ५२९ | |
| २ | २ | भोने | १० | |
| ३ | ३ | सानंबन, भादाले | ७५ | |
| ४ | ४ | प्यारगारा | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | ५ | गेरिनि , रघुनाथ, | ७४ | |
| ६ | ६ | राता, प्युरी | ८० | |
| ७ | ७ | चामखेत | | |
| ८ | ८ | | | |
| ९ | ९ | | | |
| १० | १० | ध्यारगाउँ | | |
| ११ | ११ | | | |
| १२ | १२ | | | |
| १३ | १३ | देउतिथाली | | |

ख) वन क्षेत्रहरु:

| क्रम | वडा | वन क्षेत्रको नामहरु | क्षेत्रफल | कैफिएत |
|---|---|---|---|---|
| १ | १ | .................. | .................. | |
| २ | २ | .................. | .................. | |
| ३ | ३ | .................. | .................. | |
| ४ | ४ | .................. | .................. | |
| ५ | ५ | .................. | .................. | |
| ६ | ६ | | | |
| ७ | ७ | | | |
| ८ | ८ | | | |
| ९ | ९ | | | |
| १० | १० | | | |
| ११ | ११ | | | |
| १२ | १२ | | | |
| १३ | १३ | | | |

९) वन डढेलोसंग सम्बन्धीत बिगतका सिकईहरु:

सामुदायिक वन उपभोक्ता समुहको सक्रिय सहभागिता, जिल्ला स्थित सुरक्षा निकायको नियमित एवं प्रभावकारी परिचालन, डिभिजन वन कार्यालयबाट संचालित प्रचारप्रसार तथा समुदायमा आधारित डढेलो नियन्त्रण अभियान लगायत अन्य सरोकारवाला निकायको प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोगमा वन डढेलोका कारण नलगाड नगरपालिकामा मानविय क्षति हुन नपाएको भएता पनि विभिन्न समयमा

घर, गोठ, पशु, चौपाया तथा वन जंगलको क्षतिमा भने पूर्ण नियन्त्रण हुन सकेको देखिदैन। विगतमा संचालित कार्यक्रमहरुबाट प्राप्त केही सिकाइको आधारमा निम्नानुसार कार्यहरु गरेमा वन डढेलोबाट तथा आगलागी वाट हुन सक्ने क्षतिलाई न्युनीकरण गर्न सकिन्छ

- वन डढलो लाग्नु अगावै वन जंगल तथा वस्ती वरिपरि रहेका पातपतिंगर तथा सल्लीपिरल हटाउने तथा अग्नी रेखा निर्माण गर्न डिभिजन वन कार्यालयबाट सामुदायिक वनको स्वीकृत कार्ययोजना उल्लेख भए बमोजिम अग्निरेखा निर्माण तथा सरसफाइएको लागि कार्ययोजना अनुसार गर्न निर्देशन तथा प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने ।
- स्थानीय तहहरुबाट विगतमा वन डढेलो नियन्त्रणमा नियन्त्रणात्मक कार्यमा बढी सक्रियता रहेको देखिएकोमा आगामी वर्षहरुमा प्रतिरोधात्मक कार्यहरु समेत प्रथामिकताका साथ सञ्चालन गरिनुपर्ने।
- अग्नी नियन्त्रक सामग्रीहरु खरिद गरि स्थानीय स्तरमै उपलब्ध गराउने तथा तिनको प्रयोग गर्न सिकाउने
- वन डढेलो नियन्त्रण गर्न खटिने कर्मचारीहरु, संलग्न व्याक्ति तथा संस्थाहरुलाई सुरक्षाको प्रत्याभुती गराउने तथा सुरक्षा सामग्री उपलब्ध गराउने र आवश्यक न्युनतम सेवा सुविधा उपलब्ध गराएर यस कार्यमा खट्न उत्प्रेरण जगाउने।
- सामुदायिक वन उपभोक्ता समुहलाई स्वीकृत कार्ययोजना कार्यान्वयन गर्न बाध्यकारी बनाइ वन सम्वर्द्धन तथा व्यवस्थापन कार्य गर्न लगाउने।
- समुदायस्तरमै वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी सचेतना कार्यक्रमहरु संचालन गर्ने
- बृहत रुपमा विद्यालय शिक्षा तथा युवा शिक्षा कार्यक्रमहरु संचालन गर्ने
- वन क्षेत्रमा संरक्षण पोखरी निर्माण तथा मर्मतको कार्यलाइ विस्तार गर्ने।
- वन डढेलो नियन्त्रण गर्ने कार्यमा खटिने उत्कृष्ट सुरक्षाकर्मी कर्मचारी, सामुदायिक वन तथा अन्य संघसंस्थालाइ पुरस्कृत गर्ने तथा हौसला दिने
- पालिकास्थित सरोकारवाला निकायहरुसँग निरन्तर समन्वय तथा छलफल गर्ने।
- समुदायस्तरमा क्लस्टर बनाएर वन डढेलो नियन्त्रण संजाल गठन गर्ने र परिचालन गर्ने।
- सबै सव डिभिजन वन कार्यालयहरु तथा सुरक्षा निकाय रहेका क्षेत्रमा वन डढेलो नियन्त्रण सामाग्रीको तयारी अवस्थामा राख्ने ।
- वन क्षेत्रमा रहेका प्रज्वलनशील पदार्थ व्यवस्थापन गरी प्राङ्गारिक मल उत्पादनलाई बढावा दिने ।
- वन डढेलो नियन्त्रणका लागि सामुदायिक वन उपभोक्ता समूह (CFUGs) र स्थानीय सरकार को प्रभावकारी समन्वय जरुरी हुन्छ। समुदायलाई डढेलो नियन्त्रण र पूर्वसूचना प्रणालीमा थप संलग्न गराउनुपर्ने।
- दमकल तथा प्राथमिक स्तरका डढेलो नियन्त्रण उपकरण (Fire Extinguisher,) को प्रबन्ध गरिनुपर्ने साथै आवश्यक समग्रिहुरु ,भन्डारण साथै अग्नि नियन्त्रण टोलीको प्रभाबकारी प्रयोग गरिनुपर्ने ।

१०) वन डढेलो नियन्त्रण सम्बन्धी योजनाहरु:

| क्र.स. | क्रियाकलाप | कहिले गर्ने | कहाँ गर्ने | कसले गर्ने | सहभागिता | नतिजा/आधार |
|---|---|---|---|---|---|---|
| १ | वन डढेलो व्यवस्थापन योजना तयारी | मङ्सिर | पालिकामा | विपद् सम्पर्क व्यक्ती | कर्मचारी, जनप्रतिनिधि, संघसंस्था | आगलागी नियन्त्रण कार्यविधि तयार हुनेछ |
| २ | डढेलो नियन्त्रण सम्बन्धी पूर्व तयारी गोष्ठी | मङ्सिर | समुदाय, वडा र पालिका स्तरमा | विपद् व्यवस्थापन शाखा | जोखिम समुदाय, जनप्रतिनिधि, कर्मचारी, संस्थाको प्रतिनिधि, इलाका बन कार्यालय,सामुदायिक बन उपभोक्ता समुहको प्रतिनिधिहरु,सुरक्षा निकाय, र सम्बन्धित सरोकारवालाहरु | वन डढेलो नियन्त्रण सम्बन्धी देखा परेका समस्याहरू र नियन्त्रणको प्रभावकारी उपायहरूको बारेमा छलफल गरि योजना समावेश गरि कार्यान्वयन गर्न सकिन्छ |
| ३ | वन क्षेत्रको झाडी/ सरसफाइ गर्ने | पुष | पालिका भित्रको जोखिम क्षेत्रको वनहरु वन | पालिकाको संयोजनमा वन उपभोक्ता समितिले | सा.व.उ समितिको सदस्य र पदाधिकारिहरूले गर्ने | प्रज्वलनशील पदार्थको व्यवस्थापन भई डढेलो लाग्नबाट बच्ने, यदि लागि हालेमा सहजै नियन्त्रण गर्न सकिने |
| ४ | सरोकारवाला सँगको समन्वयात्मक बैठक | पुष | पालिका | विपद् व्यवस्थापन शाखा | राजनीतिक दलका प्रतिनिधि, जनप्रतिनिधि, कर्मचारी, संघसस्था प्रतिनिधि, नेपाल प्रहरी, रेडक्रस, बन समितिका प्रतिनिधि र अन्य सरोकारवाला निकायहरू | वन डढेलोको कारण, न्युनीकरणको उपायहरू, डढेलो जस्तो अपराधमा संलग्न दोषीहरूको पहिचान र कारबाही प्रक्रियामा सहयोग पुग्ने |
| ५ | अग्नि नियन्त्रणको लागि आबश्यक सम्पूर्ण( पानी, बालुवा, आगो निभाउने उपकरण, सुरक्षा सामग्री, प्रविधि, र उद्धार) सामग्रीहरू सामग्रीको खरिद र वितरण तथा अभिमुखीकरण | पुष | सबै वडाहरूमा | विपद् व्यवस्थापन शाखा | सबै वडाहरू | नियन्त्रणको काममा सहयोग पुग्ने |
| ६ | द्रुत परिचालन समूह (Rapid mobilization Force) गठन र परिचालन | माघ<br>नियमित परिचालन | सबै वडाहरूमा | विपद् व्यवस्थापन शाखा | कर्मचारी, जनप्रतिनिधि, समुदाय, सुरक्षा निकाय | टोलि गठन हुने, सबैको सक्रिय सहभागिता र संलग्नता हुने फलस्वरूप नियन्त्रणमा सहयोग पुग्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | सुराकी वा निगरानी कर्ताको परिचालन | नियमित | सबै वडाहरूमा | सम्बन्धित वडा | वडा समिति | डढेलो सम्बन्धी सूचना प्राप्त गरि अपराधीलाई सजाय गर्न सहज हुने |
| ८ | जङ्गलमा अग्नि रेखाहरू निर्माण र सरसफाइ | माघ | जोखिम क्षेत्रहरूमा | सम्बन्धित वडा, विपद् व्यवस्थापन शाखा | समुदाय, नियन्त्रण टोली, जनप्रतिनिधि, सुरक्षा टोली | आगो लागि हुन पाउँदैन, आगलागी भइ हाले पनि नियन्त्रण गर्न सहज हुन्छ |
| ९ | वन डढेलो सम्भावित जङ्गलहरूको बीचबीचमा पानी पोखरीहरू निर्माण गर्ने | जेठ देखि भदौ सम्म | जोखिम क्षेत्रहरूमा | विपद् व्यवस्थापन शाखा र सम्बन्धित वडा | समुदाय, जनप्रतिनिधि, व.उ.स. | आगलागीको आपत्कालिन अवस्थामा नियन्त्रण गर्न सहज हुने |
| १० | वन डढेलो सम्बन्धी  सञ्चार माध्यमबाट जन चेतना प्रचार प्रसार गर्ने | माघ महिना देखि जेठ सम्म | पालिका भरि | विपद् व्यवस्थापन शाखा, सा.व.उ. स., सबै वडाहरू | पत्रकार, विपद् सम्पर्क व्यक्ती, संघसस्था | समुदाय, कर्मचारी, वडा र सरोकार वाला सबैमा आगलागी नियन्त्रण सम्बन्धी जन चेतना अभिवृद्धि हुन्छ जसले डढेलो लगाउने काम प्रति निरुत्साहित गराउँछ |
| ११ | बन जङ्गलमा भएका ज्वलनशील बस्तुहरूको व्यवस्थापन | माघ | पालिका भित्रको वनमा | वडा, उपभोक्ता समिति, समुदाय | वडा, पालिका, उपभोक्ता समितिहरू | आगलागी हुन पाउँदैन, यदि आगलागी भइ हाल्यो भने पनि फैलन पाउँदैन र नियन्त्रण गर्न सजिलो हुन्छ |
| १२ | प्रभावित परिवारलाई राहत तथा उद्धार | नियमित | प्रभावित क्षेत्रमा | स्थानीय पालिका र वडा | प्रभावित परिवार, सम्बन्धित वडा, पालिका | प्रभावित परिवारलाई उद्दार हुने र  राहतको महसुस हुन्छ, |
| १३ | नियन्त्रणमा खटिने टोलीको बिमा कार्यक्रम गर्ने | आ व को प्रारम्भमै | सबै वडामा | स्थानीय सरकार | नियन्त्रण टोली, स्थानीय सरकार | आगलागी नियन्त्रणमा खटिने टोलीलाई क्षती पुगेमा उद्दार र राहत गर्ने सकिने |

## १. सहभागितामा आधारित कार्यक्रमहरू

### ११.१ वन डढेलो नियन्त्रण सञ्जालको गठन तथा परिचालन

नलगाड नगरपालिकामा वन डढेलो नियन्त्रणका लागि डढेलो संवेदनशीलता तथा औचित्यका आधारमा समुदायमा आधारित डढेलो नियन्त्रण सञ्जाल तयार गरि कार्यान्वयन गरिनेछ। उक्त सञ्जाल प्रभावकारी बनाउन प्रत्येक सामुदायिक वन उपभोक्ता समूहले एक डढेलो नियन्त्रण टोली गठन गर्नुपर्ने छ । सो टोलीमा रहेका सदस्यहरूको नाम र फोन नम्बर सहितको विवरण सम्बन्धित वडा कार्यालय र पालिकामा बुझाउनु पर्नेछ । साथै वडा कार्यालयहरूले आ-आफ्नो कार्यक्षेत्र भित्र गठन भएका सञ्जालको विवरणहरू एकीकृत गरी पालिका, डिभिजन वन कार्यालय तथा जिल्ला प्रशासन कार्यालयमा पेश गर्नु पर्नेछ।

### ११.२ अन्य सरोकारवालाहरूको भूमिका

- वन तथा वातावरणसँग सरोकार राख्ने संघ संस्था, नागरिक समाज, कर्मचारी, विद्यालयका शिक्षक तथा विद्यार्थीहरु बिच अन्तरक्रिया छलफल गरी आगलागी नियन्त्रणमा समन्वयात्मक अवधारणालाई अपनाई कार्य गर्ने।
- तालिम, गोष्ठी, अन्तरक्रिया आदि कार्यक्रमहरू विशेष संवेदनशील क्षेत्रको आसपासमा जोखिम संवेदनशीलतालाई ध्यान दिई सञ्चालन गर्ने।
- डढेलो नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाउन पालिका तथा जिल्लामा रहेका रेडियो, एफएमहरु लगायतका संचार माध्यमहरूसँग समन्वय गरी प्रचार प्रसार कार्यक्रमहरू सञ्चालन गर्ने।
- वन डढेलो नियन्त्रण सम्बन्धित सबै सरोकारवालाहरू सँग समन्वय र सहकार्य गरि काम गर्ने।
- सहभागिता मूलक तरिकाले सरोकारवाला निकायसँग रहेको बजेटलाई प्रभावकारी बनाई उच्च प्रतिफल आउने गरी उपयोग गर्ने।
- वन डढेलो लगाउने कार्यमा संलग्न व्यक्तिको सम्बन्धमा सूचना उपलब्ध गराउने व्यक्ति/समूहको गोपनीयता कायम गर्दै उनीहरूलाई सम्मानित गर्ने

## १२. पालिकामा रहेका औजार तथा उपकरणहरू

| क्र.सं. | औजार तथा उपकरणको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १. | खोज तथा उद्धारका आधारभूत उपकरणहरु | १/१ | DPRP मा अद्यावधिक रहेको |
| २. | | | |
| ३. | एम्बुलेन्स | १ | |

**१३. योजनाको औचित्य :**

विगतका प्रयास र अनुभवहरुलाई आधार मानि यो योजना तयार गरिएको छ। योजनामा व्यवस्था गरिएको कार्यक्रमहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिएमा डढेलोबाट पर्ने असरलाई न्यूनीकरण गर्न सकिन्छ। एक्लो प्रयासबाट गरिने कार्यक्रमहरु भन्दा योजनाबद्ध रुपमा गर्ने कार्यक्रम बढी प्रभावकारी हुने हुनाले पनि योजनामा सबैको सहभागितालाई सुनिस्चित गरिएको छ । कार्यक्रमलाई सफल पार्न सरोकारवाला र निकायहरुको सामुहिक प्रयास र समन्वय हुन जरुरी छ सबैको सहभागिताहरुलाई बढी प्राथमिकता दिएको यस योजनाको कार्यान्वयनबाट लक्षित उद्देश्य हासिल हुने अपेक्षा गर्न सकिन्छ।

**१४ . अनुगमग र निरीक्षण :**

वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजनाको प्रभावकारिता सुनिश्चित गर्न नियमित अनुगमन र मूल्याङ्कन  अपरिहार्य छ। यस प्रक्रियालाई प्रभावकारी बनाउन स्थानीय विपद् व्यवस्थापन समिति (LDMC) को नेतृत्वमा अन्य आवश्यक सरोकारवालाहरू रहने गरि पालिकामा गठन गर्ने र वडा तह सम्म अनुगमन समिति गठन गरि अनुगमन को बिधि र प्रणाली, सूचकहरु को आधारमा गरिनेछ ।

क)  अनुगमन समिति :

सयोजक : नगर प्रमुख

सदस्य    : उप- प्रमुख

सदस्य    : प्रमुख प्रसशाकीय अधिकृत

सदस्य   :  वडा अध्यक्षहरु

सदस्य   : डीबीजन वन कार्यालय

सदस्य   :  सामुदायिक वन उपभोक्ता समिति (CFUG) का सदस्य

सदस्य  : स्थानीय सुरक्षा संयन्त्र(नेपाल प्रहरी, शसत्र प्रहरी बल, नेपाल आर्मी ) का प्रतिनिधि

सदस्य  : पत्रकार तथा नागरिक समाजका प्रतिनिधिहरु

सदस्य : द्रुत प्रतिकार्य टोली (Quick Response Team - QRT)

सदस्य : अन्य प्राविधिक विज्ञ वा सरोकारवाला

सदस्य सचिब : विपद सम्पर्क व्यक्ति

**ख) अनुगमनका प्रमुख विधि**

- स्थलगत अनुगमन :जोखिमयुक्त क्षेत्रहरूको नियमित निरीक्षण।
- संवेदनशील क्षेत्रहरूको तथ्यांक संकलन :उच्च जोखिमयुक्त स्थानहरूको पहिचान तथा तथ्याङ्क अद्यावधिक।
- समुदायस्तरको रिपोर्टिङ : स्थानीय वन उपभोक्ता समिति र समुदायका सदस्यहरूबाट डढेलोको सम्भावित जोखिमबारे जानकारी संकलन।
- विपद् सूचना प्रणाली : मोबाइल वा रेडियोमार्फत सचेतना तथा सूचना प्रवाह।

**२. मूल्याङ्कन प्रणाली**

योजनाको प्रभावकारिता मूल्याङ्कन गर्न निम्न कार्यहरू गरिन्छ:

**क) मूल्याङ्कनका प्रमुख सूचकहरू**

- डढेलोको घटनाहरूको संख्या : विगतको तुलनामा घटना वृद्धि वा न्यूनीकरण भएको छ कि छैन
- नियन्त्रणको समय :आगलागी नियन्त्रणका लागि समय कति लाग्यो
- सहभागिता : विभिन्न निकाय तथा समुदायको संलग्नता कत्तिको प्रभावकारी रहयो
- स्रोत साधनको प्रयोग:  उपलब्ध उपकरण तथा स्रोतहरूको सही उपयोग भयो कि भएन
- जनचेतनामा सुधार : समुदायमा सचेतना अभिवृद्धि भयो कि भएन

**ख) मूल्याङ्कन गर्ने विधि**

- क्षतिको मूल्याङ्कन :आगलागीपछि क्षतिको लेखाजोखा गर्ने
- संवाद तथा : सरोकारवालाहरूसँगको छलफल गरी योजना सुधारका लागि सुझाव संकलन गर्ने
  अभिलेख संकलन : घटनाहरूको विवरण संकलन गरी सम्बन्धित निकायमा प्रतिवेदन पेस गर्ने

**ग . अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन**

नियमित अनुगमन तथा मूल्याङ्कनबाट संकलित जानकारीको आधारमा त्रैमासिक वा वार्षिक प्रतिवेदन तयार गरिनछ ।